

नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२
यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

prateekdaily.com






Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095



❖ वर्ष ३५ ❖ २०७८ कात्तिक १५ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 November 01 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ७०


## नगदेबाली गरेका किसान पनि मल अभाव झेल्दै

ओमप्रकाश चौधरी, सेढवा, १४ कात्तिक ⁄

किसानले हिउँदे नगदेबाली रोप्ने समयमा पर्साको ग्रामीण भेगमा फेरि रासायनिक मलको हाहाकार भएको छ। यस क्षेत्रका किसानहरूले अहिले नगदे सुर्ती, तेलहन बाली अन्तर्गत तोरी र दलहन बाली अन्तर्गत मसुरो, खेसारी, केराउलगायतका बाली रोप्ने बेला रासायनिक मलको अभाव झेल्नुपरेको छ।

अहिले आलु, काउली, बन्दा, भन्टालगायतका तरकारी बाली रोप्ने समय पनि भएकाले सो प्रयोजनका लागि किसानहरूलाई मलको आवश्यकता पर्दछ तर यही बेलामा मलको अभाव छ।

ठोरी गाउँपालिका-५ क्षत्रीलाइनका किसान बलराम कोर्मोचाले बमौसमी वर्षाले बाली लगाउन ढिला भएको र अहिले मल नपाउँदा किसानले निकै समस्या खेप्नुपरेको बताए। अहिले यस क्षेत्रमा सुर्ती रोप्ने र तोरी छर्ने काम धमाधम भइरहेका बेला मल उपलब्ध नहुँदा किसानहरू अक्क न बक्क परेको कोर्मोचाले बताए।

कुनै सहकारी संस्थाले भण्डारण गरेर राखेको मल पालिकाले तोकेको मूल्यभन्दा एक हजार बढी रकम लिएर बिक्री भइरहेको कोर्मोचाले आरोप लगाए।



खेतीमा प्रयोग हुने मल साइकलमा लोड गरी गन्तव्यतर्फ जाँदै किसान। तस्वीर: प्रतीक

सखुवाप्रसौनी गापा-२ का किसान सुधीर दासले जहिले पनि किसानलाई आवश्यक परेको मल नपाउने गरेको गुनासो गरे।

धानको बाला निस्कने बेला रु आठ सय पर्ने युरिया मल रु १८ सयमा खरीद गर्नुपरेको उनको भनाइ छ। अहिले फेरि मल उपलब्ध नहुँदा भारतीय बजार इनर्वा, भङ्गाहा, मैनाटारलगायतबाट मल ल्याउनुपरेको दासले बताए।

यस सम्बन्धमा मारुतीनन्दन सहकारी संस्थाका सञ्चालक सत्यनारायण साहले साल्ट ट्रेडिङ कम्पनी र कृषि सामग्री कम्पनीले डिएपी मल नदिएकाले मल अभाव भएको बताए। केही मात्रामा युरिया मल आए पनि डिएपी हरि एन्ड राज इन्टरप्राइजेज, वीरगंजबाट ल्याउनुपरेको साहले बताए। हरि एन्ड राज इन्टरप्राइजेजका सञ्चालक राजनारायण साहसँग बुझ्दा उनले भारतबाट २५ मेट्रिक टन डिएपी मल आयात गरेको र सो मल देशभरि नै पठाउने हुँदा अहिले त्यो पनि सकिएको बताए।

## दीपावली र छठ पर्वमा ग्रामीण क्षेत्रमा कृत्रिम महँगी

प्रस, पचगावाँ, १४ कात्तिक ⁄

पर्साका ग्रामीण क्षेत्रहरूमा चाडपर्वको बेला व्यापारीहरूले मूल्यवृद्धि गरेर उपभोक्ता ठगिरहेका छन्।

बजारका व्यापारीहरूले आफूखुशी मूल्य लिने गरेको र सोको नियन्त्रण कहींकतैबाट नगरिंदा उपभोक्ताहरू ठगिंदै आएको पटेर्वासुगौली गाउँपालिका-३ का मिथलेश चौधरीले बताए। सीमावर्ती भारतबाट पसलेहरूले बिहान र बेलुकीको समयमा तस्करमार्फत आफ्नो पसलका लागि आवश्यक साडी, सलवार-कुर्ता, सुट, खानेतेल, चिनी, आलु, प्याज, कपडा, इलेक्ट्रोनिक सामानहरू, मोबाइल पार्ट्स, मोटरसाइकल पार्ट्सहरू भन्सार छली भित्र्याउने र भन्सार शुल्क तिरे अनुसारको मुनाफा लिएर उपभोक्ता ठग्दै आएका छन्।



पर्साका सेढवा, सुगौली, जानकीटोला, भिस्वा, पोखरिया, बहुअर्वा, डोकैला बहुअरी, महुवन, श्रीपुर पचगावाँ, रङ्गपुरटाँडीलगायतका स्थानहरूमा व्यापारीहरूले स्थानीय उपभोक्तालाई ठगी गर्दै आएको स्थानीयवासीको गुनासो छ। यहाँका व्यापारीहरूले उपभोक्तालाई कुनै पनि सामान खरीद गर्दा मूअक बिल दिंदैनन्। जिल्ला एवं पालिकास्तरमा गठन भएको बजार अनुगमन समितिले बजार अनुगमन नगर्दा पसलेहरूको मनोमानी बढेर बढी मूल्यमा सामान बिक्री गरिरहेको स्थानीयको आरोप छ।

पटेर्वासुगौली गापाका प्रमुख प्रशासकीय अधिकृत सन्देशकुमार यादवले व्यापारीविरुद्ध कसैले पनि उजूरी नगरेको बताए। उनले लिखित उजूरी नगरे पनि चाडपर्व भएकोले पालिकाले यसबारेमा अनुगमन गरी दोषी व्यापारीलाई कारबाई गर्ने बताए।

## चाँडै चुनाव हुन सक्छ, तयारीमा जुट्नुहोस् –उपेन्द्र यादव

प्रस, वीरगंज, १४ कात्तिक ⁄

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले पार्टीका नेता, कार्यकर्ताहरूलाई चुनावको तयारी शुरू गर्न निर्देशन दिएका छन्।

दीपावली तथा छठ पर्वको अवसरमा वीरगंजको नगर सभागृहमा आयोजित आयोजित कार्यक्रममा बोल्दै उनले भने, "मलाई लाग्छ, निर्धारित समयभन्दा पनि पहिले चुनाव हुने सम्भावना छ, राजनीतिक सहमति भयो भने चाँडै चुनाव हुनेछ, तपाईंहरू अहिलेदेखि नै चुनावको तयारीमा जुट्नुहोस्।" उनले कात्तिकदेखि माघसम्म चार महीनामा पार्टीभित्रका

तस्वीर: प्रतीक




विकृतिहरू हटाउन पार्टीले शुद्धीकरण अभियान चलाएको जानकारी गराउँदै वडास्तरदेखि कार्यकर्ताहरूको प्रशिक्षण, शुद्धीकरण तथा आगामी चुनावमा कस्ता उम्मेदवारलाई जनप्रतिनिधिको रूपमा अघि सार्ने त्यसबारेमा पनि जिल्ला तहका नेताहरूले तयारी अगाडि बढाउनुपर्ने सुझाव दिए।

उनले सङ्घीयता आइसकेपछि व्यवस्था बदलेको तर समाजको मानसिकता र नेताहरूको चिन्तन नबदलेको कारण समाज परिवर्तनको लागि सबैभन्दा पहिले राजनीतिक, आर्थिक र सामाजिक सोच बदलिनुपर्ने आवश्यकता रहेको औंल्याए। "जसपा गरीब, विपन्न, मधेसी, पिछडावर्ग, आदिवासी, जनजाति, महिला, मुस्लिमलगायत राज्यद्वारा पछि पारिएका समुदायको पार्टी हो," उनले स्पष्ट पार्दै भने, "न्याय, अवसर, सुशासन, विकास र समृद्धिको लागि पार्टीको राजनीति केन्द्रित रहेकोले व्यक्तिवादी चिन्तनबाट माथि उठेर जोशका साथ अघि बढ्नुपर्छ।"

उनले राजनीतिक परिवर्तनको लागि पार्टीले मत पाउने समानुपातिक निर्वाचन र जनताद्वारा निर्वाचित राष्ट्रपतिको निर्वाचन प्रणालीबेगर देश विकसित नहुने बताए। "जनताले चुन्न पाउने कार्यकारी राष्ट्रपति आए भने चुनावमा नेताले खर्च गर्ने बाटो बन्द हुन्छ, विशुद्ध राजनीतिकर्मीले स्थान पाउँछन्," उनले भने, "अहिलेदेखि नै मलाई फोन आउन शुरू भइसकेको छ, पैसा जम्मा पारिसकें चुनावमा टिकट चाहियो नेताजी भनेर।"

आर्थिक विकासको एजेन्डामा उनले नेपालको पानीलाई उपयोग गरी देशमा कृषिलाई आधुनिकीकरण र औद्योगिकीकरण गरी गरीबी, बेरोजगारी अन्त्य गर्न पनि सरकार अग्रसर हुनुपर्नेमा

शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रममा उनले यस्तो बताएका हुन्।

जसपा पर्सा जिल्ला कार्यसमितिद्वारा

(बाँकी पाँचौं पातामा)


चाडपर्वको नाममा फजुल खर्च नगरौं।
संस्कृतिको संरक्षण र संवर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**leadership mentoring programme**

A year-long mentorship programme for young women in Nepal to enhance leadership skills

Australian Government · British Council · British Embassy Kathmandu · European Union · Embassy of Switzerland in Nepal · UNDP · unicef for every child · United Nations Nepal · USAID

**Deadline: Tuesday, 16 November 2021, 23:59 NPT**
**To Apply: bit.ly/3ALJ1XL**

काठमाडौं स्थित बेलायती दूतावासले महिला तथा बालिकाहरुलाई सशक्तिकरण गर्न सहयोगी सम्बन्ध निर्माण र प्रवर्द्धन गर्नु महत्वपूर्ण रहेको विश्वास गर्दछ। तसर्थ, बाल बालिकाको अन्तर्राष्ट्रिय दिवस २०२१ मा, महिलाहरुले नेतृत्व गरेका दूतावास र विकास एजेन्सीहरूको समूहद्वारा सञ्चालित यस एक वर्ष लामो मार्गदर्शन कार्यक्रमको हिस्सा बन्न, हामी नेपालका सबै युवा महिलाहरूलाई आह्वान गर्दैछौं।

सफल उम्मेदवारहरूले आफ्नो नेतृत्व सिप विकास गर्नका निम्ति काठमाडौं स्थित महिला राजदूतहरु र एजेन्सीहरुका प्रमुखहरुबाट मार्गनिर्देशन (मेन्टरीङ) प्राप्त गर्ने अवसर पाउनेछन्।

सफल आवेदकहरूलाई निम्न अनुभवी सहयात्रीहरु (मेन्टर्स) मध्ये एकद्वारा मार्गनिर्देशन गरिनेछ:

- नेपालका लागि बेलायती राजदूत, महामहिम निकोला पोलिट् (**Nicola Pollitt**)
- नेपालका लागि अस्ट्रेलियाली राजदूत, महामहिम फेलीसिटी भोल्क (**Felicity Volk**)
- नेपालका लागि युरोपियन यूनिएनका राजदूत, महामहिम नोना डुप्रेज (**Nona Duprez**)
- नेपालको लागी स्विट्जरल्याण्डका राजदूत, महामहिम एलीजाबेथ भन कपेलर (**Elisabeth von Capeller**)
- यूएसएआईडीकी प्रमुख सेपीडे कीभ्यान्सड् (**Sepideh Keyvanshad**)
- ब्रीटिस काउनशील नेपालकी राष्ट्रिय निर्देशक शाहीदा म्याकडोगल (**Shahida MacDougall**)
- संयुक्त राष्ट्रसंघका आवासीय संयोजक, सारा बेसोलो न्यान्टी (**Sara Beysolow Nyanti**)
- नेपालका लागी यूनीसेफकी प्रतिनिधि एल्के विस्च (**Elke Wisch**)
- यूएनडीपीकी आवासीय प्रतिनिधि एशानी मेडागन्गोडा- लाबे (**Ayshanie Medagangoda–Labe**)

कसरी आवेदन पेश गर्ने भनेर पूर्ण जानकारी पाउनको लागि, कृपया **www.gov.uk/government/news/participate-in-a-womens-leadership-mentoring-programme-in-nepal** मा जानुहोस्।

## विचारसार र सूक्तिहरू

**स्नेहमा मात्र समर्थलाई झुकाउने ताकत हुन्छ। अन्यथा सुदामाको के हैसियत थियो कि भगवान् श्रीकृष्णले उनको पाउ पखालून्।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सहज प्राप्त हुँदैन सरकारी सुविधा

**सरकारले लोककल्याण अन्तर्गत दिने सुविधामा नागरिकको सहज पहुँच हुने हो भने लाभग्राही नागरिकको धेरै पीडाको समाधान हुने थियो। नेपाल सरकारले यस्ता नागरिक सुविधाका थुप्रै प्रावधानहरू राखेको त छ, तर कार्यविधि नतोक्दा र नियत स्वच्छ नहुँदा धेरै सरकारी राहत वा सुविधाहरूबाट लक्षित नागरिक वञ्चित हुनुपरेको छ। धेरै सुविधाहरूबारे त सामान्य नागरिकलाई जानकारी नै हुँदैन। प्रायः यस्ता जानकारी नहुने सुविधाहरू नागरिकको साटो तिनलाई सेवा–सुविधा पुऱ्याउने एजेन्सीहरूले नै खाइदिन्छन्। सरकारले आजसम्म दिएको सेवा–सुविधामा प्रायः प्राप्त हुने भनेको सामाजिक सुरक्षा भत्ता हो। त्यो पनि प्रायः समयमा पाइँदैन। निरक्षर र सोझो नागरिकले धेरैपटक बैंक धाउनुपर्छ, धेरै सास्ती बेहोर्नुपर्छ। यतिखेर थाहा भएको छ, हिंसापीडित महिलाहरूका लागि आउने लाखौं रुपियाँ कार्यविधि र कर्मचारी अभावका कारण एक पैसा खर्च नभई फिर्ता सरकारी ढुकुटीमा जाने गर्दछ। सरकारले यस्ता सुविधाहरूबारे सबैले जान्न पाउने व्यवस्था गरिदिने हो भने सेवाग्राही आफैं पनि सक्रिय भएर व्यवस्थापनमा जुट्ने थिए।**

**यस सन्दर्भमा निकै क्षोभदायक छ, ज्येष्ठ नागरिक स्वास्थ्य बीमा। यो बीमा सरकारले ७० वर्ष नाघेका ज्येष्ठ नागरिकका लागि निश्शुल्क र त्यसमुनिका नागरिकलाई नितान्त सहुलियतपूर्ण तरीकाबाट प्रदान गर्ने नीति लिएको छ। सरकारले नीति त बनायो, तर प्रक्रिया यति अपारदर्शी बनाइदियो कि शायद नै कुनै ज्येष्ठ नागरिकले त्यस रकमको पूर्ण उपयोग गर्न सक्छ। एकपटक त सरकारी सञ्चार माध्यममा नै समाचार आयो कि सरकारी अस्पतालका, स्वास्थ्य बीमासम्बन्धी क्षेत्रमा काम गर्ने एकजना कर्मचारीले नै न बीमाको उपयोग गर्न सके, न आफूले औषधिमा खर्च गरेको रकम नै बीमा बोर्डबाट फिर्ता पाउन सके। बीमाकार्ड देखाएर सरकारी अस्पताल वा अनुमतिप्राप्त निजी अस्पतालबाट स्वास्थ्य सुविधा लिने कार्यविधि छ। तर सरकारी अस्पतालमा बीमितलाई चाहिने उपचार सम्भव छैन वा दीर्घ रोगीले खाने औषधि उपलब्ध छैन भने उसले अन्य पसलबाट खरीद गर्न पाउँदैन। हुनुपर्ने त के हो भने सरकारले ज्येष्ठ नागरिकलाई दिने स्वास्थ्य बीमा सुविधा नागरिकतापत्रकै आधारमा दिंखम लोककल्याण सरकारको छवि उजिलिने थियो। सरकारी अस्पतालले सञ्चालन गर्ने फार्मेसीमा ती औषधिहरू कहिले उपलब्ध हुँदैन। बीमा सहुलियत अन्तर्गतको उपचार र औषधि प्राप्त गर्ने प्रक्रिया यति जटिल छ कि बीमितले बरु आफ्नै पैसा खर्च गरेर उपचार गराउला, त्यो असाध्य प्रक्रियामा रुमलिन चाहँदैन।**

**जब सरकारी अस्पतालमा उपचार र औषधि उपलब्ध छैन भने बीमितले जहाँ पाइन्छ त्यहाँबाट खरीद गर्न किन नपाउने ? सामयिक स्वास्थ्य समस्याका लागि सरकारी कार्यविधि जरूरी देखिए पनि दीर्घरोगीले खाने र सरकारी अस्पतालकै चिकित्सकले लेखेको औषधि बीमितले अन्य ठाउँबाट खरीद गर्दा बीमा बोर्डले पसले वा बीमितलाई भुक्तानी किन नदिने ? यस प्रश्नको जवाफ कसैसँग छैन। सुत्केरी भत्तासम्बन्धी सरकारी सहुलियतबारे पनि यस्तै अन्योल विद्यमान छ। शायद नै कुनै गर्भवती महिलाले यस्तो सुविधा पाएका होलान्, चाखलाग्दो कुरा के छ भने यस्तो सुविधाको रकम लाभग्राहीले नपाए पनि सरकारको रेकर्डमा भनेको पाउने गरेको उल्लेख भएको हुन्छ।**

# सामाजिक अध्ययनको पाठ्यपुस्तक कस्तो हुनुपर्छ


शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**पाठ्यपुस्तकमा प्रयोग हुने भाषा सरल र प्रस्ट बुझिने हुनुपर्ने कुरामा शायद नै कोही असहमत होला, तर वर्तमानमा परिमार्जन हुँदै गएको पाठ्यपुस्तकको भाषा लगातार क्लिष्ट हुँदै गएको छ। माध्यमिक र खासगरी आधारभूत तहसम्म आम बोलचालको भाषा नै प्रयोग हुनुपर्छ।**

सामाजिक अध्ययन एउटा चाखलाग्दो विषय हो। यो हाम्रो जीवनसँग जोडिएको विषय हो। हाम्रो वरिपरि हुने समसामयिक घटना र हामीमाथि पर्ने प्रभावप्रति सचेत गराउने विषय हो। विगतका अनुभवबाट पाठ सिकेर वर्तमानलाई सुन्दर बनाउने विषय हो। राष्ट्रियता र राष्ट्रप्रति समर्पणको भावना जगाउने विषय हो। देश विकासमा नागरिकले के भूमिका खेल्न सक्छ त्यो सिकाउने विषय हो। परिवार, समाज, राष्ट्र र विश्वबन्धुत्वको भावना जागृत गर्ने विषय हो। हामी सबैलाई आफ्नो माटोसँग जोड्ने विषय हो। यही कारण होला, कक्षा १२ सम्म यस विषयलाई अनिवार्य बनाइएको छ। तर यसलाई राम्ररी नबुझ्नेकाहरूले 'इतिहास, भूगोल है बेवफा/रातको रटे और सुबह सफा' भन्ने गर्छन्।

वर्तमान समाजले पनि आज यस विषयलाई उपेक्षाको दृष्टिले हेर्ने गरेको छ। यसमा समाज, पाठ्यपुस्तक लेखन सँगसँगै हामी शिक्षकहरू पनि केही हदसम्म जिम्मेवार छौं। यदि सामाजिक शिक्षाको उपयोग कक्षा कोठामा सही ढङ्गले गरियो भने निश्चितरूपले राष्ट्रिय गौरवमा अभिवृद्धि हुने विश्वास लिन सकिन्छ। यसका लागि सामाजिक शिक्षा पढाउने शिक्षकले पाठ्यपुस्तकमा दिएको विषयवस्तु कण्ठ पार्ने होइन, बरु विषयवस्तुको प्रयोग गरेर असल नागरिक बन्न अभिप्रेरित गर्नुपर्दछ। यदि हाम्रो अपेक्षा शिक्षकहरूले सबै द्यार्थीलाई पाठको अवधारणा बुझाउनुपर्छ भन्ने हो भने पाठ्यपुस्तकले पनि उनीहरूलाई त्यसमा सघाउनुपर्छ र परिवारले पनि यस कार्यमा विद्यार्थीहरूलाई सहयोग गर्नुपर्छ।

सङ्क्षिप्त प्रस्तुतिले केटाकेटीहरूले केही नबुझी घोक्न मात्र सक्छन्। कुनै पनि पाठको अवधारणालाई सङ्क्षिप्त रूपमा प्रस्तुत गर्नु एक प्रकारको सीप हो जसको विकास विद्यालय शिक्षामा हुनु अति आवश्यक हुन्छ तर अभिभावकको दबाब र समाजको सोचले गर्दा यो सम्भव हुन सकिरहेको छैन। अर्कोतिर सामाजिक अध्ययनको पुस्तकमा धेरै विषयवस्तु समेटिएको छ, तर ती विषयवस्तु सङ्क्षिप्तरूपमा प्रस्तुत गरिएका छन् जसले त्यसको अवधारणा बुझ्ने प्रश्न नै उठ्दैन। यस परिप्रेक्ष्यमा विद्यार्थीहरूसँग एउटै विकल्प के रहन्छ घोक्नु वा अझ सरल तरीकाको खोजी गर्नु। यहींनिर के प्रश्न उठ्छ भने अवधारणा सँगसँगै विभिन्न सीप विकसित गर्ने उद्देश्यले लेखिएका पुस्तकहरू कस्तो हुनुपर्छ र त्यसमा कुन कुरालाई ध्यानमा राख्ने आवश्यकता हुन्छ ?

सबैभन्दा पहिलो आवश्यकता हो जुन विषय बुझ्नुछ त्यसको एउटा सजिलो र प्रस्ट छवि विद्यार्थीहरूको मस्तिष्कमा कोर्नुपर्छ किनभने त्यसकै आधारमा उनीहरूले अवधारणालाई आत्मसात् गर्न सक्छन्, त्यसलाई व्यक्त गर्न सक्छन् र त्यसबारे छलफल गर्न सक्छन्। यस उद्देश्यको पूर्तिका लागि पाठ्यपुस्तकमा तपसीलका उपायहरू गर्न सकिन्छ। यसको लागि पाठ्यक्रमको छनोट गर्दा उमेर अनुसार केटाकेटीहरूको लागि सार्थक, उनीहरूको क्षमता र रुचि अनुसार दृष्टिकोण तयार पार्नुपर्छ। इतिहास, भूगोल, नागरिक जीवन आदि पाठ अन्तर्गत यो–यो विषय र यति पढाउनु पर्छ भन्ने बाध्यात्मक सोच हाबी हुन नदिई सार्थक सोच र उद्देश्य अनुसार पाठ्यक्रम




विकसित गर्नुपर्छ।

पाठ्यपुस्तकमा प्रयोग हुने भाषा सरल र प्रस्ट बुझिने खालको हुनुपर्ने कुरामा शायद नै कोही असहमत होला, तर वर्तमानमा परिमार्जन हुँदै गएको पाठ्यपुस्तकको भाषा लगातार क्लिष्ट हुँदै गएको छ। माध्यमिक र खासगरी आधारभूत तहसम्म आम बोलचालको भाषा नै प्रयोग हुनुपर्छ। जुन ठाउँमा कठिन र नयाँ शब्दको प्रयोग आवश्यक छ त्यसलाई पनि बुझेर जहाँसम्म हुन सक्छ सजिलो बनाउने प्रयास हुनुपर्छ। यसैगरी त्यस्ता शब्दको उपयोग बुझाउने प्रयास हुनुपर्छ। त्यस्ता वाक्यांश जसमा अवधारणा बुझाउन खोजिएको हुन्छ त्यो विद्यार्थीहरूको लागि 'कठिन' हुने भएकोले विस्तारपूर्वक उदाहरणसहित बुझाउनुपर्छ।

केटाकेटीहरू प्रायः अमूर्त पारिभाषिक चिन्तन गर्न सक्दैनन्। उनीहरू स्थितिसापेक्ष चिन्तन गर्छन्। यस कारण अवधारणा बुझाउनको लागि त्यसको विस्तृत विवरण दिनु आवश्यक हुन्छ। उदाहरणको लागि विभिन्न खाले औद्योगिक संरचना जस्तै घरेलु उद्योग, साना तथा मझौला उद्योग, ठूला उद्योगबारे पढाउँदा उनीहरूलाई सोझै परिभाषा दिई यस्तालाई घरेलू उद्योग भनिन्छ भन्न सकिन्छ तर यो त्यति प्रभावकारी हुँदैन जति हरेकको दुई–तीनवटा उदाहरण दिई त्यसको सविस्तार बयान गरेर वा यदि छेउमा त्यस्तो कुनै उद्योग छ भने त्यहाँ लगेर बुझाउन सकिन्छ। त्यसपछि सबैलाई सहभागी गराई तुलनात्मक छलफल गरेर निष्कर्ष निकाल्न र अवधारणा बुझाउन सजिलो हुन्छ।

सामाजिक अध्ययन विषयका धेरैजसो पाठहरूलाई कथाको माध्यमले पढाउँदा केटाकेटीहरू त्यस विषयप्रति आकर्षित हुन्छन्। कहानीबाट कुनै पनि कुराको एउटा ठोस छवि निर्मित हुन्छ र जटिल कुरो सजिलै बुझाउन सकिन्छ। यहाँनिर शिक्षकहरूले ध्यान दिनुपर्ने कुरो के हो केटाकेटीहरूलाई कहानीको काल्पनिक दुनियाँमा अल्झिन नदिनको लागि बीच–बीचमा सामान्य कुरा सोध्दै जानुपर्छ। यसबाट विद्यार्थीहरू प्रश्नको जवाफ खोज्न बाध्य हुन्छन् किनभने उनीहरूलाई त्यसपछिको कुरो जान्ने उत्सुकता हुन्छ। यसरी पढाउँदा विद्यार्थीहरू रमाइरमाई पढ्छन् र उनीहरूमा कल्पनाशीलताको पनि विकास हुन्छ।

सामाजिक शिक्षाको पुस्तकमा नक्शा र चित्रहरूको धेरै महत्त्व छ। वर्तमान पुस्तकमा त्यसमाथि बढी ध्यान दिइएको छैन। बुझ्नुपर्ने कुरो के हो भने जुन कुरा कैयन पृष्ठ पढेर पनि बुझ्न गाऱ्हो हुन्छ त्यसलाई नक्शा र चित्रको सहायताले सजिलै बुझाउन सकिन्छ। यसैगरी आर्थिक र राजनीतिक संरचनालाई पनि रेखाचित्रबाट सजिलै बुझाउन सकिन्छ। पाठको बीचमा प्रश्न सोधेर विशेष जानकारी आदान–प्रदान गर्नुपर्छ। यसैगरी जटिल अवधारणाहरूलाई पनि कैयन खण्डमा विभाजित गरेर क्रमबद्धरूपमा पढाउन सकिन्छ। जस्तै नागरिक चेतनामा प्रजातान्त्रिक व्यवस्था एउटा संयुक्त अवधारणा हो, जसमा चुनाव, प्रतिनिधित्व, बहुमतको शासन, मानिसप्रतिको जवाफदेहिता आदि अवधारणाहरू छन्। यसलाई एउटै पाठमा समावेश गरी पढाउनुको साटो कक्षागतरूपमा विभाजित गरी सजिलै बेग्लाबेग्लै पाठ अन्तर्गत पढाउन सकिन्छ।

शिक्षाशास्त्रमा अवधारणा सिकाउनका लागि एउटा सर्वमान्य सिद्धान्त अनुसार गतिविधि अर्थात् क्रियाकलाप एउटा प्रमुख साधन हो र गतिशील विद्यार्थीहरू नै सिक्न सक्छन्। यस कारण विद्यार्थीहरूलाई क्रियाशील बनाउनको लागि विभिन्न खाले क्रियाकलाप गराउन आवश्यक हुन्छ। जसरी विज्ञानमा केटाकेटीहरूले प्रयोग गरेर सिक्न सक्छन् त्यसैगरी सामाजिक अध्ययनमा उनीहरूलाई सिकाउनको लागि शिक्षकहरूले हरेक पाठको बीच–बीचमा प्रश्न सोध्नुपर्छ। यसबाट विद्यार्थीहरूले बुझिरहेका छन् वा छैनन् भन्ने थाहा हुन्छ। पाठको बीचमा सोधिने प्रश्नहरू पनि कैयन प्रकारका हुन सक्छन्। जस्तै चित्र, नक्शा, तालिका, सही–गलत, कठिन शब्द, शब्दको अर्थ आदिमा केटाकेटीहरूसँग छलफल गरेर जवाफ खोज्नुपर्ने हुन्छ। कैयन प्रश्न तुलनात्मक हुन्छ जस्तै दुई समयबीच तुलना गर्ने, बेग्लाबेग्लै ठाउँमा हुने परिवर्तनबारे तुलना गर्ने। पाठ पढाउँदै गर्दा बीचमा सोधिने यस्ता प्रश्न हल गर्दा विद्यार्थीहरू पढाइएका कुराहरूमाथि ध्यान दिन्छन् साथै शिक्षक र विद्यार्थीबीच अन्तर्क्रिया पनि हुन्छ।

अर्को तरीका हो केटाकेटीहरूमा भएको अनुभव उपयोग गर्ने; अर्थात् उनीहरूसँग आआफ्नो समाजको अवलोकनको आधारमा प्राप्त ज्ञान र बुझाइको एउटा ठूलो भण्डार हुन्छ। प्रायः सामाजिक अध्ययन शिक्षणमा यस भण्डारको कुनै उपयोग हुँदैन तर यसको उपयोगले शिक्षण सिकाइलाई धेरै रोचक बनाउन सकिन्छ। पाठको बीचमा सोधिने प्रश्न र यस्ता अनुभवको साटासाटले केटाकेटीहरूलाई विषयसँग जोड्नुको साथै उनीहरूमा भएको ज्ञान पनि फराकिलो बनाउने काम गर्दछ। जस्तै भूगोलमा प्रदेश र विदेशको जानकारी र इतिहासमा अन्य कालको जानकारीलाई आफ्नो परिवेश र समयसँग तुलना गरेर सजिलै बुझ्न सकिन्छ।

सामाजिक अध्ययनमा लिखित माध्यमबाट बुझ्ने र अभिव्यक्त गर्ने सीपको महत्त्व सर्वोपरि छ। प्रमुख कुरा बताएर सारांशमा व्यक्त गर्न लगाउने, पढेको भाग बुझ्नु र आफ्नो शब्दमा व्यक्त गर्नु, कुनै विषयसँग सम्बन्धित जानकारी कुन–कुन वाक्यमा दिइएको छ त्यसको पहिचान गर्नु आदि। यी यस्ता कुरा हुन् जसको नियमित अभ्यासले नै विद्यार्थीहरूलाई सामाजिक अध्ययनमा सक्षम बनाउन सकिन्छ। यसैगरी परीक्षामा पनि यस्ता सीपलाई धेरै महत्त्व दिइन्छ। यी कुराहरूलाई व्यावहारिक रूपमा कक्षा शिक्षणमा प्रयोग गरेपछि मात्र घोकन्ते शिक्षाको साटो सोच्ने, बुझ्ने र पाठ्यपुस्तकको बुद्धिमतापूर्वक उपयोग गर्ने क्षमता विकास हुन्छ। यसका लागि पुस्तकको स्वरूपमा नै यस्ता कुरालाई ध्यानमा राखी परिमार्जन गर्नुपर्ने खाँचो छ।

## बालपन दृश्यमान गराएको लेख

पाठक प्रतिक्रिया

१३ गते प्रतीकमा राजेश मिश्रको लेख 'दीपावली:दियोमाथि कृत्रिम बत्ती हाबी' पढेर धेरै पुराना दृश्य गतिमान भएर आए। कोठाको घर बनाउने सपना थियो। आधा जीवन बितेपछि कोठाको घर बन्यो। घरमा जान्छु। कोठामा पङ्खा छैन। पङ्खा भएको कोठामा जान्छु। सिलिङ फ्यानले काम नचलेपछि टेबुल फ्यान चलाउनुपर्छ। बालपन दृश्यमान हुन्छ। पङ्खाविना नै बसियो फुसको घरमा। कुनै अप्ठ्यारो भएन त ! छिमेकको घरमा कुटाकुट भयो। सबै भाइ अलग हुँदैछन्। सबैलाई कोठाकै घर चाहियो। कुटाकुटको कारण त्यही हो। बालपनको दृश्य आँखासामु नाच्यो। कसरी काका र बुबा छुट्टिंदा बुबाले तुरुन्तै फुसको घर बनाए। घरका लागि जीवन खपाउने आवश्यक नै थिएन। आज कोठाको लागि भाइभाइबीच कुटाकुट हुँदैछ, किनभने घर बनाउन कठिन भइसकेको छ। एक दिन पङ्खाको अत्यधिक तेज हावाले भँगेराको गुँड बचेरासहित भुइँमा खस्यो। फेरि याद आयो बालपन। हामी केटाकेटी धानको बिनिया बनाएर ढोकामा भँगेराको लागि झुन्ड्याइदिन्थ्यौं। क्या मज्जाले त्यसैमा बसेर भँगेराले धान खान्थे र चिरबिर चिरबिरको सङ्गीत बजाउँथे।

फुसको घरमा बनेको गुँड खस्ने कुरै थिएन। गहुँ पाक्दा सुगा धपाउन जान्थ्यौं हामी। बथानका बथान सुगा बिहान जङ्गलतिर जान्थे र बेलुका फर्कन्थे। आज न सुग्गा देखिन्छ, न भँगेरा। कहाँ गए सबै ? आज दीपावलीमा हामी चिनियाँ झालर र बिजुली बत्ती बाल्छौं। याद आउँछ बालपनको दिन। डगरामा दियो राखेर हामी केटाकेटी नै ब्रह्मस्थान, माईस्थान र बौद्धिमाईको मन्दिर जान्थ्यौं। घरका देउता र आँगनमा दियो बाल्ने महिलाको दायित्व हुन्थ्यो। हजुरआमाको निर्देश हुन्थ्यो मन्दिर र आँगनमा घ्यूकै बत्ती बाल्ने। आज आएर मलाई थाहा भयो कि १० ग्राम गाईको घ्यू बाल्दा एक टन आक्सिजन निस्कन्छ। हजुरआमालाई त्यस्तो ज्ञान थिएन। आज हामी लालबुझक्कडहरू ठीक कि अज्ञानी हजुरआमा ठीक ? गाईको खुर र मेरुदण्डमा सूर्य किरण छानेर औषधि बनाउने गुण हुन्छ। हजुरआमा भन्थिन् चैतमा जति गाईको खुर तात्छ, दूध त्यत्तिकै पोषिलो हुन्छ। त्यस्तो दूध खाएर हुर्केकोमा म आफूलाई भाग्यमानी ठान्छु।

हाम्रा छोराछोरी र नातिनातिनाको त्यस्तो भाग्य कहाँ ! हामी कहाँ गइरहेका छौं ? दुई कौडीको आधुनिकता झुन्ड्याएर ग्लास्गोमा दुःख मनाउ गर्नुबाहेक अर्को उपाय पनि के छ र ? चेत गर हे मानव, अहिले पनि चेत गर। फर्क प्रकृतितिर, फर्क दीपावलीको माटोको दियो, फुसको घर र सरसफाइतिर। लेखकलाई मुरीमुरी धन्यवाद, बालपनका ती दिन दृश्यमान गराइदिएकोमा।

**डा शिवशङ्कर यादव, छपकैया, वीरगंज**

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# तिलावे पुल निर्माणको लागि प्रजिअलाई ज्ञापन

प्रस, वीरगंज, १४ कात्तिक/

पर्सेली सचेत युवाहरूको समूहले पर्साको ग्रामीण भेगलाई जोड्ने हुलाकी राजमार्ग अन्तर्गतको तिलावे खोलामा पुल यथाशीघ्र निर्माण गर्न माग गरेको छ।

पर्साका प्रमुख जिल्ला अधिकारी उमेशप्रसाद ढकाल र हुलाकी सडक निर्माण निर्देशनालय वीरगंजलाई आइतवार ज्ञापनपत्र बुझाउँदै यथाशीघ्र पुल निर्माणको लागि माग गरिएको हो। तिलावे पुल निर्माण दबाब समूह गठन गरी कार्यक्रम गरिएको दबाब समूहका राजेश यादवले बताए।

ज्ञापनपत्र बुझ्दै ठेकेदारलाई कानूनको दायरमा ल्याउँदै पुल निर्माण कार्य अघि बढाउने प्रजिअ ढकालले आश्वासन दिए।

हुलाकी निर्देशनालयको कार्यालय वीरगंजले पुल निर्माणको जिम्मा पप्पु र लुम्बिनीकै भएकोले उनीहरूबीच




एकापसमा भएको विवादका कारण पुल निर्माणको काम अवरुद्ध भएको जनाएको छ। कार्यालयले ती दुई ठेकेदार कम्पनीबीच आर्थिक लेनदेन नमिलेपछि दुवैले काममा ढिलाइ गरेको बताएको छ।

कार्यालयका एक इन्जिनीयरका अनुसार दुवै ठेकेदार कम्पनीमाथि कारबाई प्रक्रिया अघि बढाइसकिएको छ। उनले सात दिने कारबाईको सूचना गरेको र हालसम्म ठेकेदारले कार्यालयमा सम्पर्क नगरेको बताए। अब अख्तियारमा पत्राचार गरी ठेकेदारको खोजी कार्यको लागि प्रहरीमा चिठी काट्ने हुलाकी सडक निर्माण निर्देशनालय वीरगंजको तयारी रहेको पनि उनले बताए।

विमलेन्द्र निधि भौतिक पूर्वाधार विकासमन्त्री विमलेन्द्र निधि हुँदा आव २०७४/७५ मा उक्त पुलको निर्माण शुरू भएको थियो। दुई वर्षभित्र काम सम्पन्न गर्न पप्पु/लुम्बिनी जेभीले पक्की पुल निर्माणको लागि ठेक्का पाएको थियो। पुलको करीब ४० प्रतिशत मात्र काम सम्पन्न भएको छ।

उचित डाइभर्सन नहुँदा पुल निर्माण कार्यमा समस्या हुने गरेको छ। पुल निर्माण सम्पन्न नहुँदा पर्साको ग्रामीण भेगका जनता वीरगंज आउजाउ गर्दा सदैव बिहान र बेलुका पुलमा लाग्ने घण्टौं जामबाट पीडित छन्।

# संविधानसम्मत काम भएन- पूर्वमन्त्री साह

प्रस, रौतहट, १४ कात्तिक/



प्रत्यक्ष निर्वाचित सांसद वा प्रदेश सांसदको पद रिक्त भएमा बढीमा ६ महीनाभित्र चुनाव गराउनुपर्ने संवैधानिक व्यवस्थालाई नजरअन्दाज गरी रौतहटको निर्वाचन क्षेत्र नं ३ लगायत देशका अन्य रिक्त स्थानमा निर्वाचन आयोगले उपनिर्वाचन गराउन नसकेको पूर्वमन्त्री प्रभु साहले आरोप लगाएका छन्।

अहिलेको अपवित्र गठबन्धनको सरकारले उपनिर्वाचन गराउन नचाहेकोमा उनले खेद व्यक्त गरे। नेता साहले देशमा विधिको शासन, कानूनी राज्य एवं संवैधानिक हकको ठाडो उपहास भएको बताए।

जनतालाई लामो समयसम्म औपचारिकरूपमा जनप्रतिनिधिविहीन बनाइराख्ने निर्वाचन आयोग र सरकारको यो अक्षम्य अपराध भएको उनको आरोप छ। उनले यथाशीघ्र रिक्त स्थानहरूमा चुनाव गराउन सम्बन्धित पक्षहरूसँग जोडदार माग गरे।

# मौलापुरमा सरसफाइ अभियान जारी

प्रस, रौतहट, १४ कात्तिक/

मौलापुर नगरपालिकाले सरसफाइ अभियान शुरू गरेको छ। शुभ दीपावली एवं छठ पर्वको अवसरमा सरसफाइ अभियान शुरू गरिएको मौलापुर नगर पालिकाकी प्रमुख रीनाकुमारी साहले बताइन्।

एक हप्तादेखि सञ्चालन भइरहेको उक्त अभियानमा आज सोनरनियासम्म सरसफाइ गरिएको उनले बताइन्। कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी, समाजसेवी महिलासहित सर्वसाधारणको सहभागिता रहेको प्रमुख प्रशासकीय अधिकृत रामबाबू साहले बताए।

# जीतपुरसिमरामा आधुनिक शौचालय निर्माण शुरू

प्रस, जीतपुर, १४ कात्तिक/

जीतपुरका समाजसेवी प्रकाश गिरीले




जीतपुरमा सार्वजनिक विकास विस्तार अन्तर्गत शौचालय निर्माण शुरू गराएका छन्। जीतपुरसिमरा उपमहानगरपालिका–७ जीतपुरमा २१ लाख रुपैयाँको लागतमा आधुनिक शौचालयको निर्माण कार्य आइतवारबाट शुरू भएको हो।

शौचालय निर्माण समितिका अध्यक्ष प्रकाश गिरीले आर्थिक कारणबाट निर्माण कार्य अवरुद्ध नहुने र तोकिएको समयमा सम्पन्न हुने बताए। उनले जीतपुरमा अहिलेसम्म आधुनिक शौचालयको निर्माण हुन नसकेकोमा दुःख व्यक्त गरे।

जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष सञ्जयकुमार साहले सार्वजनिक शौचालय निर्माण भइरहेकोमा खुशी व्यक्त गरे। उनले वडाध्यक्ष रामबाबू गुप्ताको सहयोगमा शौचालय निर्माण भएको भन्दै जीतपुरवासीको लागि सुखद समाचार भएको टिप्पणी गरे।

# नगरप्रमुखको घरअगाडि वडाध्यक्षले फोहोर थुपारे

प्रस, जनकपुरधाम, १४ कात्तिक/

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख लालकिशोर साहको घरअगाडि विरोधस्वरूप फोहोर थुपारिएको छ। सोही पालिकाका वडाध्यक्षहरूको अगुवाइमा नगरप्रमुखको घरअगाडि आइतवारदेखि फोहोर थुपार्न शुरू भएको हो।

नगरको फोहोर व्यवस्थापनमा नगरप्रमुख उदासीन रहेको आरोप लगाउँदै वडाध्यक्षसहितका जनप्रतिनिधिहरूले दबाब तथा विरोधस्वरूप फोहोर थुपारेको बताएका छन्। तिहार तथा छठ पर्व नजीकिँदै गर्दा पनि उपमहानगरभित्रको फोहोर उठ्न सकेको छैन। डम्पिङ साइट व्यवस्थापनमा उपमहानगरपालिका असफल भएको भन्दै नगरवासीले नगरका सबै जनप्रतिनिधिको गुनासो गर्न थालेपछि वडाध्यक्षलगायतका जनप्रतिनिधिहरू नगरप्रमुखविरुद्ध खनिएका हुन्।

जनकपुरधाम उपमहानगरपालिका–१ का अध्यक्ष शत्रुघ्न साह, वडा नं ४ का सुदर्शन सिंह र वडा नं ७ का अध्यक्ष जानकीराम साहको नेतृत्वमा युवाहरूको टोलीले फोहोर थुपारेका हुन्। नगरका विभिन्न स्थानबाट ट्याक्टरमा फोहोर सङ्कलन गरेर नगरप्रमुखको घरअगाडि फोहोर थुपारिएको हो। फोहोर व्यवस्थापनका लागि नगरप्रमुखले चासो नदिएको र उपमहानगरले ट्याक्टरसमेत उपलब्ध नगराएको वडाध्यक्ष सुदर्शन सिंहले बताए। वडाध्यक्षहरूको विरोधप्रति उपप्रमुख रीताकुमारी झाले पनि समर्थन जनाएकी छन्।

# निश्शुल्क आँखा तथा कान शिविर सम्पन्न

प्रस, सप्तरी, १४ कात्तिक /

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं ८ तोपामा निश्शुल्क आँखा तथा कान शिविर सम्पन्न भएको छ। आइतवार सम्पन्न शिविरमा पाँच सयजनाको आँखा र दुई सयजनाको कान परीक्षण तथा उपचार गरिएको आयोजक ग्रामीण जनजागरण उत्थान केन्द्रले जनाएको छ।

तोपा बजार युथको सहयोगमा जनता माध्यमिक विद्यालय परिसरमा आयोजित शिविरमा आँखा परीक्षण गरिएकामध्ये तीन सयजनामा मोतीबिन्दु फेला परेको शिविरमा सहभागी युवा अभियानकर्मी कौशलकुमार यादवले जानकारी दिए।

शिविरमा सगरमाथा चौधरी आँखा अस्पताल लहानका स्वास्थ्यकर्मी टोलीले सेवा पुऱ्याएको थियो। मोतीबिन्दु फेला परेकाहरूको निश्शुल्क शल्यक्रिया गरिने आयोजक संस्थाले जनाएको छ।

# आगजनीको आरोपमा जनमत पार्टीद्वारा मुद्दा दर्ता

प्रस, जनकपुरधाम, १४ कात्तिक/

डा सिके राउत नेतृत्वको जनमत पार्टीले सत्तारूढ जनता समाजवादी पार्टीका नेता र सरकारनिकट इन्जिनीयरहरूविरुद्ध जिल्ला प्रहरी कार्यालय धनुषामा उजूरी दर्ता गराएको छ।

जनकपुरधामस्थित सो पार्टीको केन्द्रीय सचिवालय तोडफोड र आगजनी गरेको आरोपमा जनमत पार्टी, धनुषा जिल्ला समन्वय समितिका सचिव विजय साहले १६ जनाविरुद्ध उजूरी दर्ता गराएका हुन्। उनले जसपा धनुषाका अध्यक्ष पशुपति यादव, सङ्घीय परिषद् सदस्य नवीन यादव, इन्जिनीयरहरू गौरी पण्डित, विजय यादव, सरोज यादव, भवेश मिश्रलगायतविरुद्ध उजूरी दर्ता गराएको जानकारी दिए।

पाँच दिनअघि नै उनीहरूविरुद्ध उजूरी दर्ता गरिएको भएपनि प्रहरीले कसैलाई पक्राउ नगरेको भन्दै सचिव साहले उजूरीबारे आइतवार सञ्चारकर्मीसमक्ष सार्वजनिक गर्दै यथाशीघ्र कारबाईको माग गरे।

केन्द्रीय सचिवालयमा तोडफोड र आगजनी गरेकाहरूलाई पक्राउ गरेर कारबाई गर्न उजूरी दर्ता गराएको र अडिओ–भिडिओ प्रमाणसमेत प्रहरीमा पेश गरेको जनमत पार्टीका अध्यक्ष डा राउतले बताएका छन्। उनले सामाजिक सञ्जालमा सो कुरा लेखेका हुन्।

आगजनीजस्तो जघन्य अपराधमा केही इन्जिनीयरसमेत संलग्न देखिएको भन्दै काउन्सिलले यथाशीघ्र उनीहरूको लाइसेन्स खारेज गर्नुपर्ने डा राउतको माग छ।

# आन्तरिक राजस्व प्रमुखसँग छलफल

प्रस, वीरगंज, १४ कात्तिक/

वीरगंज उद्योग वाणिज्य सङ्घले आन्तरिक राजस्व कार्यालय, पर्साको प्रमुखको जिम्मेवारी पाएका प्रमुख कर अधिकृत कपिलप्रसाद सुवेदीसँग आइतवार छलफल गरेको छ।

सङ्घमा आयोजित छलफलमा वीउवासङ्घका अध्यक्ष डा सुबोधकुमार गुप्ताले सङ्घको ऐतिहासिक पृष्ठभूमि, बढ्दो आर्थिक महत्त्व र अपार सम्भावनाबारे जानकारी गराएका थिए। उनले उद्योग वाणिज्य क्षेत्रमा रहेका चुनौती तथा समस्याबारे जानकारी गराएका थिए। उनले निजी क्षेत्र मैत्री कर प्रशासन ल्याउनुपर्ने, करको दर नबढाइ दायरा बढाउनुपर्ने, ननफाइलरको पहिचान गरी करको दायरामा ल्याउनुपर्नेलगायतका सुझाव दिएका थिए।

यसैगरी, ठूला करदाताको कार्यालय राजधानीमा मात्रै सीमित रहेको कारण मोफसलका ठूला करदाताले कठिनाइ भोग्नुपरिरहेकाले ठूला करदाताको लागि मोफसलका आन्तरिक राजस्व कार्यालयलाई अधिकार प्रत्यायोजन गर्नुपर्ने माग राखे।

आन्तरिक राजस्व कार्यालय, पर्साका प्रमुख कर अधिकृत कपिलप्रसाद सुवेदीले कार्यालयमा कर्मचारीको सङ्ख्या कम भएपनि सेवाग्राहीहरूलाई छिटो, छरितो




एवं गुणस्तरीय सेवा प्रवाह गर्ने प्रतिबद्धता जाहेर गरे। उनले विद्यमान करसम्बन्धी ऐन कानूनमा प्रमुख कर अधिकृतलाई आफ्नो विवेक लगाउने तजबिज नरहेको प्रस्ट्याए।

त्यस्तै, उनले करसम्बन्धी शिक्षाको अभावमा करदाताहरूले जरिवाना तिर्नुपर्ने बाध्यता रहेकाले करसम्बन्धी प्रशिक्षण कार्यक्रमलाई प्राथमिकतामा राखी काम गर्ने आश्वासन पनि दिए।

कार्यक्रममा सङ्घका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवालले धन्यवाद ज्ञापन गरेका थिए भने नेउवामहासङ्घ प्रदेश नं २ का अध्यक्ष गणेशप्रसाद लाठ, सङ्घका पूर्वअध्यक्ष अशोककुमार बैद, अशोककुमार टेमानी, उपाध्यक्षद्वय हरि गौतम र माधव राजपाल, सचिव अरविन्द अमात्य, सहकोषाध्यक्ष प्रेमचन्द्र गोयल, सहसचिव अनोज रूँगटालगायत सहभागी थिए।

# श्रीसियाको प्रदूषण छठमा रोक्न माग

प्रस, वीरगंज, १४,कात्तिक/

हिन्दूहरूको महान् पर्व छठलाई मध्यनजर गरी श्रीसिया नदीमा हुने




प्रदूषण नियन्त्रण गर्न अखिल नेपाल पिछडावर्ग (ओबिसी) महासङ्घ पर्साले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन बुझाएको छ।

अखिल नेपाल पिछडावर्ग (ओबिसी) महासङ्घ पर्साका अध्यक्ष अकलेश साहले प्रजिअ उमेशकुमार ढकाललाई छठ पर्व नजीक आइसकेकोले श्रीसिया नदीको प्रदूषण नियन्त्रण गर्न माग गरेका थिए।

पर्सा जिल्लाका विभिन्न स्थानमा खासगरी महानगर क्षेत्रमा बग्ने श्रीसिया नदीका विभिन्न स्थानमा ठूलो सङ्ख्यामा मानिसहरू छठ पूजा गर्दै आएको र नदी प्रदूषणको कारण बर्तालुहरूले नदीमा पसेर साँझ र बिहानको अर्घ्य दिएपछि छालाको रोगबाट पीडित हुने गरेको भन्दै छठलाई लक्षित गरेर कलकारखानाहरूलाई प्रशोधित पानी मात्र नदीमा छाड्न र प्रशोधन नभएको पानी सञ्चय गरी छठ पर्वपछि मात्र नदीमा खसाल्न ज्ञापनमा आग्रह गरिएको छ।

श्रीसिया नदीको प्रदूषण रोकथामको लागि विभिन्न चरणमा आन्दोलन र विरोधका कार्यक्रम हुँदै आए पनि कलकारखानाबाट नदीमा प्रशोधित पानी खसाल्ने कार्यले निरन्तरता पाउन सकेको छैन।

अनुगमनको क्रममा पानी प्रशोधन गरिने बताइए पनि अहिलेसम्म त्यस्तो काम हुनसकेको छैन, जसले गर्दा श्रीसिया प्रदूषणमुक्त हुन सकेको छैन।

ज्ञापन बुझ्दै प्रजिअ ढकालले आफूले सक्दो प्रयास गर्ने आश्वासन दिए। ज्ञापन बुझाउन ओबिसीका गापा उपाध्यक्ष भगवानलाल पटेल, जिल्ला सचिव राजन साह, अमित कायस्थलगायत सहभागी थिए।

# साहुकार यादवलाई थुनामा राख्न उच्च अदालतको आदेश

प्रस, सर्लाही, १४ कात्तिक/

अनधिकृत ऋण दिएर अकुत ब्याज असुलेको र सर्वसाधारणलाई ठगी गरेको आरोपमा पक्राउ परेको सर्लाही बरहथवा–१० सीतापुरका रामबाबू राय यादवलाई उच्च अदालत जनकपुरले पुर्पक्षको लागि थुनामा राख्ने आदेश दिएको छ।

दुई वर्षअघि जिल्ला अदालत सर्लाहीले दिएको आदेशलाई बदर गर्दै उच्च अदालतले यस्तो आदेश दिएको हो। जिल्ला अदालत सर्लाहीले दुई वर्षअघि १५ लाख रुपैयाँ धरौटीमा उनलाई छाड्ने आदेश दिएको थियो। उक्त आदेश बदर गरिपाऊँ भन्दै पीडित पक्षले उच्च अदालतमा पुनरावेदन गरेकोमा अहिले फैसला भएको हो। उच्चका न्यायाधीश विनोद शर्मा र रमेश ढकालको संयुक्त इजलासले जिल्ला अदालतको आदेशलाई बदर गर्ने निर्णय गरेको उच्च सरकारी वकील कार्यालय जनकपुरका सहन्यायाधिवक्ता चन्द्र सञ्जेलले बताए।

रामबाबू सर्लाहीमा साहुकार बनेर अनधिकृतरूपमा सर्वसाधारणलाई ऋण दिएको र साँवाभन्दा बढी ब्याज असुल गरी ठगी गर्ने गरेको आरोप छ। थोरै पैसा दिएर धेरैको तमसुक बनाउने र झूठो बेहोराको कागजातमा सहीछाप गर्न लगाउने गरेको पीडित पक्षको आरोप छ। उनकै कारण सर्लाही, धनुषा, महोत्तरी, सिराहाका १५ सयजनाभन्दा धेरै स्थानीय घरबारी गुमाएर सुकुमबासी बन्नुपरेको घटना सार्वजनिक भएपछि साहुकार रामबाबूलाई प्रहरीले २०७६ पुस २४ गते सर्लाहीको हरिपुरबाट पक्राउ गरेको थियो।

साहुकार रामबाबूविरुद्ध २० करोड ४२ लाख ८० हजार ९५ रुपैयाँ ठगी गरेको भन्दै रामनाथ रायसहित २८ जना पीडितले जाहेरी दिएका थिए।

# विपद्बाट १२१ जनाको मृत्यु, २८ जना बेपत्ता

काठमाडौं, १४ कात्तिक/रासस

यही कात्तिक महीनाको आजसम्म विपद्का घटनाबाट १२१ को मृत्यु भएको गृह मन्त्रालयले जनाएको छ। मन्त्रालयको राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रले दिएको जानकारी अनुसार बाढीपहिरामा परेर अहिलेसम्म २८ जना बेपत्ता भएका छन्।

कुल ४४ घाइते रहेका र १७९ घर क्षति पुगेको केन्द्रले जनाएको छ। गत असोज ३१ गतेदेखि कात्तिक ३ गतेसम्म परेको अविरल वर्षाका कारण यसरी मानवीय क्षति भएको हो। मनसुन बाहिरिएको एक हप्तापछि दुई प्रणाली विकसित भई नेपालमा भारी वर्षा भएको थियो।

वर्षाका कारण नेपालको पूर्व र पश्चिम क्षेत्र नराम्ररी प्रभावित भएको थियो। ठूला–ठूला पहिराले मानवीय क्षति बढी गराएको हो।


प्राप्त विवरण अनुसार सबैभन्दा बढी कात्तिक ३ गते ६३ जनाको मृत्यु र १९ जना बेपत्ता भएका थिए।

कात्तिक ४ गते २९ जनाको मृत्यु भएको थियो भने कात्तिक ५ गते १३ को मृत्यु भएको गृह मन्त्रालयले जनाएको छ। हराएहरूको खोजी जारी रहेको र राहत तथा अस्थायी आश्रयस्थलको व्यवस्थापन जारी रहेको मन्त्रालयले जनाएको छ।

# फूलबाट मनग्य आम्दानी

गोपालप्रसाद बराल
महोत्तरी, १४ कात्तिक/रासस

नसोचेको उपलब्धि हात पर्दा यहाँका गृहिणी अहिले दङ्ग छन्। घर–आँगनको शोभाका लागि लगाइएको फूल किन्न दिनदिनै व्यापारी आउन थालेपछि जिल्लाका गाउँ, नगर, बस्तीका सर्वसाधारण गृहिणी नसोचेको आम्दानी हात परेको भन्दै दङ्ग परेका हुन्।




**बास्ना आयो सयपत्रीको**- तिहार नजीकिँदै जाँदा सयपत्री फूलको रस चुस्दै माहुरी । लक्ष्मीपूजा र भाइटीकामा अति आवश्यक सयपत्री फूल कौसीको गमलामा फुलाउँदै । तस्वीर: पङ्कज श्रेष्ठ

तिहार शुरू हुन दुई/तीन दिन बाँकी छँदै अहिले फूल खोज्न व्यापारी बस्ती–बस्ती पसेका छन् । घर–आँगनमा ढकमक्क फुलेका सयपत्री, गोदावरी र मखमली फूल 'ल, मलाई दिनुहोला' भन्दै व्यापारीले हातहातमा अग्रिम पैसा थमाएपछि गृहिणीहरूमा खुशी छाएको हो। "यो आँगनको फूलले आम्दानी देला भन्ने त सोचिएकै थिएन, आम्दानी लिने गरी लगाइएको पनि होइन"–भङ्गाहा नगरपालिका–४ रामनगरकाका रसिया चौधरी थारूले भने–"अहिले व्यापारी आफैं घर आएर ३०/३५ बोटको फूललाई 'एक हजार दिन्छु' भन्दै बैना (अग्रिम पेश्की) थमाएर गएका छन्। तिहारताका फुल्ने फूलबाट अहिले नसोचेको अतिरिक्त आम्दानी भएको उनको भनाइ छ। यसले पर्वको मुखमा सानातिना फुटकर खर्च गर्न पाइएको उनी बताउँछन्।

महोत्तरीका ग्रामीण बस्तीमा अहिले चौधरीजस्तै थुप्रै गृहिणीले घर–आँगनको फूलबाट अतिरिक्त आम्दानी पाएका छन्। बस्ती–बस्ती पसेका फूल व्यापारीले हातहातमैं पैसा थमाइदिएपछि फूल पनि आम्दानीको स्रोत रहेछ भन्ने चेत खुलेको यहाँका सर्वसाधारण गृहिणीको भनाइ छ।

बर्दिबास–६ का रेवती पोखरेलले भने–"हैन, राम्रै रकम पाइँदोरहेछ, अब त तिहारताका फुल्नेगरी फूलका बोट बढाएर रोप्नुपर्ला । शनिवार आँगन वरिपरिको लगभग ५० बोटको फूलबापत रु एक हजार ५०० रकम पाएँ ।"



तिहार अघि फूलको खोजीमा बस्ती–बस्ती पसेका व्यापारीले सर्वसाधारण गृहिणीको मन फूलखेती गर्नतिर खिचेका छन्। गत वर्ष नै यस्तो आम्दानी हात पारेका गृहिणीले त घरआँगन वरपर यसपालि फूलका बोट बढाएर लगाएको जानकारी दिए । यसपालि यस्तो आम्दानी हात पारेका गृहिणीले आघौं (आउने वर्ष) खेती नै जस्तोगरी फूल बढाउने अठोट गरेका छन्।

"फूल त व्यावसायिकरूपमैं खेती गरे हुने भएछ, घरघरै व्यापारी आउँदा रहेछन्–भङ्गाहा–५ राजपुरकी हरिप्रिया महतो भन्छिन्–घर प्रयोजनकै बारीमा अलि बढाएर फूलखेती गर्न सकिने रहेछ।" उनका छिमेकी गृहिणीले पनि अब फूल अलि बढी लगाउने र अतिरिक्त आम्दानी गर्ने सोच बनाएका छन्।

"तिहारमा फुल्नेगरी जति खेती गरे पनि हुने रहेछ"–भङ्गाहा–४ की लक्ष्मी श्रेष्ठले भनिन्–"यो आँगनको डिलमा ४०/५० बोट सयपत्रीका होलान्, मलाई त एकजना व्यापारीले रु दुई हजार दिन्छु भनेर बैना दिएर गए।" आर्जनका लागि नभई शोभाका लगाइएको केही बोटबाटै यति आम्दानी हुने भएपछि अब तिहारलाई लक्षित गरेर फूलखेती गर्ने टुङ्गोमा पुगेको उनको भनाइ छ।

घर करेसा वरपर शोभाका लागि लगाइएको मखमली, सयपत्री र गोदावरी फूलले घर बसीबसी दुई–चार हजार आम्दानी बनाइदिएको घरायसी काममैं व्यस्त रहने गृहिणीले बताएका छन् । यसपालि तिहारकै लागि फूल खोज्दै आएका व्यापारी र अरू ग्राहकले आफ्ना ३०–३५ वटा जति बोटका सयपत्री फूल लाँदा रु दुई हजार आम्दानी भएको बर्दिवास–६ कृष्णपुरकी गृहिणी सम्झना काफ्ले बताउँछिन् । करेसाकै फूलका बोटबाट सम्झनाले गरेको आम्दानी देखेपछि छिमेकका अरू गृहिणीले पनि अब व्यावसायिकरूपमैं फूलखेती गर्ने निर्णय गरेका छन्।

अहिले तिहार लागेसँगै फूल खोज्ने ग्राहकको ग्रामीण बस्तीमा लर्को नै देखिने गरेको छ। पर्वविशेषले गर्दा फूल खोज्ने ग्राहक र व्यापारीले राम्रो मूल्य दिएपछि हरेक वर्ष तिहारमा उत्पादन लिनेगरी फूलखेती गर्न आफ्नो गाउँटोलका सबैजसो गृहिणी महिला अग्रसर देखिएका बर्दिवास–१२ की गृहिणी उमा महतो बताउँछिन्।

जिल्लामा फूलको व्यावसायिक खेती नभए पनि अब यसको सम्भावना बढेको कृषिविज्ञ बताउँछन्। तिहार र छठजस्ता पर्व र सालैभरि आयोजन हुने धार्मिक अनुष्ठान एवं पूजाअर्चनालाई लक्ष्य गरी यसको व्यावसायिक खेती शुरू गरिए जिल्लामा आर्जनको नयाँ बाटो खुल्ने कृषि ज्ञान केन्द्रका जलेश्वरका कृषिविज्ञ बताउँछन्। किसानले फूलखेती गर्ने निर्णय गरेर यसका लागि प्राविधिक र राम्रो उन्नत जातको बीउ माग गरे बीउबिजन उपलब्ध गराउन सकिने केन्द्रका प्रमुख रामचन्द्र यादवले जानकारी दिए।

जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ पालिकामध्ये बलवा नगरपालिकाको पडौल र बनौटा बस्तीमा भने केही किसानले थोरै क्षेत्रफलमा व्यावसायिकरूपमैं फूलखेती गरेका छन्। त्यहाँका किसानले व्यापारीले फूलबारीबाटै फूल लाने गरेका जनाएका छन् । यी बस्तीमा उत्पादित फूलको गुणस्तर राम्रो भएकोले व्यापारीको रोजाइमा पर्ने गरेको किसानको भनाइ छ । यहाँ उत्पादित फूल राजधानी काठमाडौंसहित विभिन्न शहरमा पुग्ने गरेको किसान, व्यापारी र कृषिविज्ञले बताएका छन्।

पछिल्लोपटक फूलखेती गर्नेलाई प्राविधिक सहयोग र बीउ सङ्कलनमा सहयोग गरिने बताएपछि यसको खेतीमा रुचि देखाउने किसानको सङ्ख्या बढ्दै गएको छ। फूलखेतीबारे रुचि देखाउनेमा महिलाको सङ्ख्या अधिक रहेको ज्ञान केन्द्रले जनाएको छ।



सिमसारलाई संरक्षण गर्न सके मात्र चराचुरुङ्गी, वन्यजन्तु, जीवजन्तुको संरक्षण हुन्छ । रौतहटको चोचास्थित वन क्षेत्रमा रहेको सिमसारमा माछा टिप्न व्यस्त बकुला । तस्वीर: जीतलाल श्रेष्ठ

## फरक समाचार

# बन्दागोभीका यी अचम्मका फाइदाहरू

बन्दागोभी खानु स्वास्थ्यका लागि निकै फाइदाजनक साबित हुन सक्छ । बन्दागोभीले क्यान्सर जस्ता खतरनाक रोगबाट पनि बचाउन मदत गर्छ। यसबाहेक बन्दागोभी मुटुको स्वास्थ्यका लागि, पाचनका लागि र तौल घटाउनमा पनि प्रभावकारी हुन्छ । बन्दागोभीमा क्यालोरी कम र पोषक तत्त्व भरिपूर्ण हुन्छ। यसमा प्रोटिन, फोलेट, पोटासियम र म्याग्नेसियम पाइन्छ।



बन्दागोभीले पाचन शक्तिलाई बलियो बनाउँछ। यसले कब्जियतबाट राहत दिन्छ। बन्दागोभीमा फाइबर हुन्छ, जसले पाचन प्रक्रियामा सहयोग गर्छ ।

बन्दागोभीले हामीलाई क्यान्सरबाट पनि बचाउँछ । अनुसन्धानका अनुसार बन्दागोभीमा ब्रासिनिन पाइन्छ । जसले क्यान्सरविरुद्ध केमोप्रेभेन्टिभ गतिविधि देखाउँछ । बन्दागोभीले ट्युमरबाट पनि बचाउँछ ।


बन्दागोभी खाँदा आँखालाई फाइदा हुन्छ। अध्ययनका अनुसार बन्दागोभीमा ल्युटिन र जेक्सान्थिन पाइन्छ। बन्दागोभीले आँखा स्वस्थ राख्छ। यसको सेवनले आँखाको ज्योति कमजोर हुँदैन । बन्दागोभीले आँखाको स्वास्थ्यमा महत्त्वपूर्ण भूमिका खेल्छ।

बन्दागोभीले तौल घटाउन पनि मदत गर्छ । बन्दागोभीमा प्रशस्त मात्रामा फाइबर हुन्छ। फाइबरयुक्त खानेकुराले हाम्रो पेटलाई लामो समयसम्म भरिराख्ने काम गर्छ, जसका कारण हामीलाई बारम्बार भोक लाग्दैन । पेट भरिएको महसूस भएको कारण बारम्बार खाना खाँदैनौं र कम खाँदा हाम्रो तौल घट्न थाल्छ ।

बन्दागोभी मधुमेहका बिरामीका लागि पनि फाइदाजनक हुन्छ। अनुसन्धानका अनुसार रातो बन्दागोभी एन्टिडायबेटिक हुन्छ, जसले मधुमेहको समस्यालाई कम गर्छ । बन्दागोभीको अर्कमा एन्टिहाइपरग्लिसेमिक प्रभाव हुन्छ, जसले ग्लुकोज सहिष्णुतामा सुधार गर्न इन्सुलिनको स्तर बढाउँछ।

# बढी व्यायाम गर्नेलाई हृदयघातको खतरा

आजकल जिममा वर्कआउट गर्ने चलन बढेको छ। मानिसहरू तन्दुरुस्त रहन धेरै व्यायाम गर्छन्। तर के तपाईंलाई थाहा छ कि बढी व्यायाम गर्नु तपाईंको मुटुको लागि खतरनाक साबित हुन सक्छ । हालै कन्नड सिनेमाका चर्चित अभिनेता पुनीत राजकुमारको हृदयघातका कारण निधन भएको छ। उनको उपचारमा संलग्न चिकित्सकले दुई घण्टा जिममा वर्कआउट गरेपछि छातीमा दुखाइ भएको बताए। यसपछि उनलाई अस्पताल लगिएको थियो, जहाँ केही समयपछि उनको मृत्यु भएको थियो। यो घटनापछि जिममा वर्कआउट गर्ने सम्बन्धमा प्रश्न उठेका छन् । जिममा कति वर्कआउट शरीरको लागि राम्रो हुन्छ ? यसबारे स्वास्थ्यविज्ञहरू के भन्छन् ? जानौं ।



तपाईं सबैलाई थाहा छ कि व्यायाम स्वास्थ्यको लागि राम्रो हुन्छ । तर चाहिनेभन्दा बढी गर्नाले तपाईंको मुटुको लागि घातक साबित हुन सक्छ। मुटुरोग विशेषज्ञहरूका अनुसार जिममा तीव्र कसरत गर्नु र भारी भारोत्तोलन गर्नु खतरनाक हुन सक्छ ।

विज्ञहरूका अनुसार २० देखि २५ वर्षअघिसम्म ३० वर्ष वा सोभन्दा कम उमेरका व्यक्तिमा छ महीनामा एकपटक हृदयघात हुने गरेको थियो । तर अहिले हरेक हप्ता यस्तो घटना सार्वजनिक हुने गरेका छन्।

मुटुविज्ञहरूका अनुसार व्यायामको राम्रो र नराम्रो दुवै तरीकाले साइड इफेक्ट हुन सक्छ। यो कसरत गर्ने तरीकामा भर पर्छ। जसका कारण युवाहरूमा हृदयघातको समस्या पनि बढ्दै गएको छ ।

चिकित्सकहरूका अनुसार शरीरलाई फिट राख्न सामान्य व्यायाम गर्नुपर्छ । गम्भीर व्यायाम शरीरको लागि खतरनाक साबित हुन सक्छ। व्यायाम गर्ने सही तरीका यी हुन्।

छदेखि १० मिनेटको लागि वार्मअप गर्नुहोस्।

स्वास्थ्यलाई ठीक राख्न २० देखि ३० मिनेटको कसरत गर्न सक्नुहुन्छ।

यसपछि शरीरलाई चीसो हुन ५ देखि १० मिनेट दिनुहोस्।

# सुत्ने कोठाबाट सर्पको आवाज

सर्पको नाम सुन्दा नै खलखली पसिना आउँछ । सोच्नुहोस्, तपाईंको सुत्ने कोठाबाट अचानक सर्पको आवाज आउन थाल्यो भने तपाईंको हालत कस्तो होला ? हो, सिङ्गापुरकी एउटी महिलासँग यस्तै भएको छ। आफ्नो सुत्ने कोठामा साँपले फुङ्कारेको आवाज सुनेपछि उनी यति डराएकी थिइन् कि उनले तुरुन्तै उद्धार टोलीलाई बोलाइन् । उद्धार टोली आएर सर्प समात्न पुगेपछि कुरा अर्कै भयो ।



npr.org को रिपोर्ट अनुसार महिलाको कलपछि उद्धार टोली घटनास्थलमा पुगेर साँपको खोजी गर्न थालेपछि यो आवाज साँपको नभई त्यस्तो एक चीज भएको पत्ता लाग्यो, जुन हरेक बिहान महिलाले प्रयोग गर्थिन् । सत्यतथ्य बाहिर आएपछि महिला लाजले भुतुक्कै भइन् ।

महिलाले साँपले फुङ्कारेको जस्तो गलत मानेको आवाज उनको टूथब्रशको आवाज थियो। महिलासँग विद्युतीय टूथब्रश थियो, जसमा पानी परेपछि त्यसबाट साँपले फुङ्कारेको जस्तो आवाज आइरहेको थियो।

उद्धार टोलीले महिलाको शयनकक्षबाट ओरल बीको विद्युतीय टूथब्रश फेला पारेको थियो । ब्रस अन अफ गरेर हेरेपछि यो सर्पको आवाज नभई टूथब्रशको आवाज भएको पत्ता लाग्यो ।

विद्युतीय ब्रशको ब्याट्रीको भागमा पानी पसेको थियो। यो कुरा थाहा पाउने बित्तिकै महिलाको अनुहार लाजले रातो भयो। उनले उद्धार टोलीसँग माफी पनि मागिन् । यो कुरा गत भदौ महीनाको हो तर यतिबेला सामाजिक सञ्जालमा चर्चाको विषय भएको छ । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# विमानस्थलनजीक विस्फोट, छजनाको मृत्यु

आदेन, १४ कात्तिक/सिन्ह्वा

यमनको दक्षिणी शहर आदेनको एक अन्तर्राष्ट्रिय विमानस्थलको प्रवेशद्वारमा नै भएको बम विस्फोटमा परी छजनाको



अन्तर्राष्ट्रिय विमानस्थलको प्रवेशद्वारमा भएको बम विस्फोटमा क्षतिग्रस्त सवारीसाधन। तस्वीरः एएफपी

ज्यान गएको छ। त्यहाँ अरू कैयौं मानिस घाइते भएका छन्। सो प्रवेशद्वारमा रोकी राखेको एक बसमा बम राखिएको पाइएको छ। सो बम विस्फोट भएपछि उक्त क्षेत्र वरपर ठूलो सङ्ख्यामा मानिस घाइते भएका छन्।

घाइतेहरूलाई अस्पताल पुऱ्याइएको छ। उक्त शक्तिशाली विस्फोटबाट वरपर रहेका अरू कैयौं सवारी साधनमा पनि क्षति पुगेको थियो। सो बम विस्फोटनको जिम्मेवारी कसैले लिएको छैन। तर पनि यहाँ हुथी विद्रोहीहरू यस्ता हिंसामा संलग्न भइआएकोले सुरक्षा निकायहरूले सोही समूहमाथि आशङ्का गरेको छ।

उता साउदी अरेबियाको सेनाको नेतृत्वमा केही दिन यतादेखि यमनको मारिब शहरमा लगातार बमबारी भएको यहाँको सेनाले जनाएको छ।

सो बमबारीबाट भएको क्षतिबारे भने केही बताइएको छैन। उक्त क्षेत्रमा निरन्तर केही दिन यतादेखि बमबारी भएको अधिकारीहरूले जनाएका छन्।

मारिब शहर यमनका विद्रोहीहरूको कब्जामा रहेको शहर हो। यहाँका अधिकारीहरूले उक्त शहरमा साउदी अरेबियाको सेनाले नेतृत्व गरेको सेनाले यस अघि पनि नियन्त्रण गर्दै र हवाई तथा स्थलगतरूपमा यहाँका विद्रोहीविरुद्ध कारबाही गर्दै आएको छ।

तेलको धनी मानिने यो शहर यमनका हुथी विद्रोहीहरूको कब्जामा छ। बेलाबेला सरकारी सेनाले पनि फिर्ता लिने गरेको यो शहरमा प्रायः हुथीहरूले नै कब्जा गर्ने गरेका छन्। रासस

# कोरोना भाइरसविरुद्धको खोपमा समन्वय गर्न पुटिनको आग्रह

मस्को, १४ कात्तिक/सिन्ह्वा

कोरोना भाइरसविरुद्ध हाल विश्वका



रूसी राष्ट्रपति भ्लादिमिर पुटिन। तस्वीरः फाइल

देशहरूमा लगाइराखिएको खोपको उपलब्धता र यसको वितरण प्रणाली व्यवस्थित गर्न रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले आग्रह गरेका छन्। उनले खोप विश्वमा सबै देशमा उपलब्ध होस् भन्ने पक्षमा जी–२० का सदस्य राष्ट्रहरूले सुनिश्चितता प्रदान गर्न जोड दिएका छन्।

उनले भने– सबै देशले कोरोना भाइरसविरुद्ध खोप वितवरणका साथै यसको उपलब्धताबारे पनि सुनिश्चित हुनुपर्छ र यस विषयमा आपसमा समन्वय गरेर अघि बढ्नुपर्दछ। जी–२० को १६ औं सम्मेलनलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन्।

उनले विश्वमा नै यो खोपका विषयमा अस्वस्थ प्रतिस्पर्धाका साथै असमान वितरण र यसको विवरण अध्यावधिक गर्ने काममा चुस्तता नभएकोले यो समस्या भएको बताएका थिए।

खोपको विवरण अध्यावधिक राख्ने र अहिलेसम्म पर्याप्त मात्रामा खोप उपलब्ध हुन नसकेका देशमा उपलब्ध गराउने भन्दै यसका लागि जी–२० देशहरूले काम गर्न उनको जोड थियो। साथै उनले यस कार्यमा विश्व स्वास्थ्य सङ्गठनको भूमिका महत्त्वपूर्ण रहेको भन्दै यसका लागि उक्त सङ्गठनलाई अरू देशले आवश्यकता अनुसार सहयोग गर्नुपर्ने पनि बताए। रासस

# सत्तारूढ एलडिपीले बहुमत ल्याउने –सर्वेक्षण

टोकियो, १४ कात्तिक/सिन्ह्वा

जापानको लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) र उसका सहयोगी




तस्वीरः सिन्ह्वा

कोमेइटोको सत्तारूढ गठबन्धनले आइतवार सम्पन्न आमनिर्वाचनमा संसद्को तल्लो सदनमा बहुमत ल्याउने क्योदो न्यूजद्वारा आइतवार सार्वजनिक सर्वेक्षणले देखाएको छ।

सरकारको कोभिड–१९ प्रतिक्रिया र आय असमानतासँग असन्तुष्ट मतदाताहरूको समर्थनको लागि आह्वान गरेका विपक्षी दलहरूविरुद्ध ४६५ मध्ये कम्तीमा २३३ सीट प्राप्त गर्दै सत्ताधारी गठबन्धनले संसद्मा शक्तिशाली प्रतिनिधिसभामा आफ्नो बहुमत कायम राख्ने प्रक्षेपण गरिएको छ।

यद्यपि रिपोर्ट अनुसार एलडिपीको यस पहिले प्रतिनिधिसभामा रहेको २७६ सिटमध्ये केही सिट गुम्ने देखिएको छ। जापानी प्रधानमन्त्री फुमिओ किशिदाले तल्लो सदनमा एलडिपी–कोमेइतो गठबन्धनले बहुमत कायम राखेको खण्डमा आफूले जीतको दाबी गर्दै सरकार निर्माणका लागि पहल गर्ने बताएका छन्।

आमनिर्वाचनको मतदान आइतवार साँझ सकिएको छ। स्थानीय समय अनुसार ८ बजे देशभरि मतदान केन्द्र बन्द भएका छन्। मतदानस्थलमा पुगेका मतदाताले भने राति अबेरसम्म मतदान गर्न पाउनेछन्। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – खिन्नता | वृष – वाहनकष्ट |
| मिथुन – राज्यलाभ | कर्कट – बेचैनी |
| सिंह – अन्नलाभ | कन्या – व्यर्थभ्रमण |
| तुला – प्रसन्नता | वृश्चिक – पदोन्नति |
| धनु – अलमल | मकर – कष्टअनुभूति |
| कुम्भ – नारीसुख | मीन – कडापरिश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# बालबालिकालाई सेनेटरी प्याड वितरण

प्रस, कलैया, १४ कात्तिक/

नेपाल लेडिज सर्कलले बाराको



तस्वीरः प्रतीक

करैयामाई र बारागढी गाउँपालिकामा ११ सय ७१ जना किशोरीलाई सेनेटरी प्याड वितरण गरेको छ।

आइतवार कार्यक्रमको आयोजना गरी लेडिज सर्कलकी पूर्वअध्यक्ष रश्मी दासलगायतको टोलीले आसमान नेपालद्वारा सञ्चालित आरम्भ परियोजना अन्तर्गतका ५९ वटा सिकाइ केन्द्रका लागि छ सयवटा सेनेटरी प्याड हस्तान्तरण गरेको आरम्भ नेपाल बाराका परियोजना अधिकृत सुरेश ठाकुरले बताए। उनले सेनेटरी प्याड र मास्क उपलब्ध गराइएको जानकारी गराए।

प्रतिसिकाइ केन्द्र १० वटा सेनेटरी प्याड र मास्क उपलब्ध गराइएको उनले बताए।

आरम्भ नेपालले ५९ वटा सिकाइ केन्द्रमा १० देखि १९ वर्षका किशोरीहरूलाई प्रशिक्षण दिंदै आएको छ।

कोरोनाको जोखिम अहिलेसम्म रहेकोले नेपाल लेडिज सर्कलले आरम्भ नेपालको परियोजनामा सेनेटरी प्याड र मास्क वितरण गरेको नेपाल लेडिज सर्कलकी सुषमा शर्माले बताइन्।

कार्यक्रममा लेडिज सर्कलका अनामिका पुजारी, विप्रा क्याल, प्रीति खेतान, खुश्बु सिंघानिया, नन्दनी अग्रवाल, आरती अग्रवाल, आसमान नेपालका शिक्षा संयोजक रामप्रवेश यादव, मास्टर ट्रेनर रमेश जैसवाल, कार्यक्रम अधिकृत धर्मेन्द्र चौरसियालगायतको सहभागिता थियो।

### चाँडै चुनाव हुन सक्छ.....

उनले जोड दिए। नेपाल एउटा दरिद्र देश हो, तर पनि महँगो अर्थात् मिश्रित निर्वाचन प्रणाली लागू छ, यसले समाजमा पैसावालाहरूलाई नेता बनाइरहेको र अन्यलाई पाखा लगाइरहेको छ। उनका अनुसार यसरी नै समाजमा भ्रष्टाचार र कुशासन बढेरे जनताले सङ्घीयता महसूस गर्न पाएका छैनन्।

प्रदेश २ का मुख्यमन्त्री लालबाबूराउत गद्दीले लोसपा असंवैधानिक पार्टी भएकोले असंवैधानिक नेताहरूमाथि विश्वास नगर्न पनि जनतालाई अनुरोध गरे। उनले भने, "दुईपटक संविधानको अधिकार मिच्दै पूर्वप्रधानमन्त्री केपीशर्मा ओलीले संसद् विघटन गरे, उनलाई जसपाकै एक तत्कालीन घटक राजपा अहिलेको लोसपाका नेताले सघाए, ओलीको कदमलाई सही भने, तर ओलीको कदम प्रतिगामी र गलत थियो, त्यस कारण उनलाई सघाउने पार्टी र नेता पनि असंवैधानिक हुन्।"

जसपा बाराका सांसद रामबाबूप्रसाद यादवले पार्टीको विधानविपरीत काम गर्नेलाई पार्टीले नछोडने चेतावनी दिए। प्रदेश २ का राज्यमन्त्री योगेन्द्रप्रसाद यादवले पार्टीको निर्णय नमानी आचरणविपरीत काम गर्ने र पार्टीको झन्डा जलाउने काम निन्दनीय भएको बताए। उनले पार्टीको विचार र झन्डाभन्दा माथि कोही छैन, यदि कसैले झन्डा जलाइरहेको छ भने धेरै घमण्ड नगर्न उनले आग्रहसमेत गरे।

प्रदेश सांसद करिमा बेगमले पार्टी अध्यक्ष अभिभावक भएकाले एकपटकको गलतीलाई महसूस गराइ मिलेर जानु राम्रो हुने बताइन्।

जिल्ला सभापति रामनरेश यादवको सभापतित्व र जिल्ला सचिव तबरेज अहमदको सहजीकरणमा कार्यक्रम सम्पन्न भएको थियो।

मञ्चमा देखिएनन् सांसद प्रदीप यादव

जसपाका नेता एवं पर्साका सङ्घीय सांसद प्रदीप यादव कार्यक्रममा देखा परेनन्। वीरगंज आउनुभन्दा तीन दिनअघि कात्तिक ११ गते उनलाई ७ बुँदे स्पष्टीकरण सोध्ने निर्णय गरेका पार्टी अध्यक्ष यादवले विगत १४ वर्षभित्र पहिलोपटक वीरगंजमा प्रदीप यादवबेगर कार्यक्रममा सहभागी भए।

प्रदीप यादव २०६४ सालमा पार्टीमा प्रवेश गरेसँगै पार्टीतर्फबाट जिल्लामा उनकै वर्चस्व र दबदबा रहेको छ। पछिल्लोपटक जसपा सरकारमा जाँदा मन्त्रिपरिषद् विस्तारमा जसपाको सूचीमा प्रदीप यादव नअटाएपछि उपेन्द्र यादव र प्रदीप यादवबीच मतान्तर रहेको थियो।

गत असोज २३ गते प्रदीप यादव समर्थित युवा विद्यार्थीहरूले वीरगंजको घण्टाघरमा विरोध प्रदर्शन गरी उपेन्द्र यादवको पुतला जलाउँदै उपेन्द्र यादवलाई वीरगंजमा निषेध गरिएको आह्वान गरेका थिए। पार्टीले उनलाई तीन दिनभित्र कारण खुलाइ स्पष्टीकरण सोधेकोले सांसद यादवलाई कार्यक्रममा आमन्त्रण नगरिएको जसपाका एक जिल्ला तहका नेताले बताए।

बिन्दवासिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बहुअर्वाभाठा, पर्सा
प्रदेश नं २, नेपाल

## बोलपत्र आह्वानको सूचना

प्रथमपटक प्रकाशित मितिः २०७८/०७/१५

१. यस कार्यालय अन्तर्गत तपसिलबमोजिमको कार्य अनुसार निर्माण हुने तपसिलबमोजिमको काम ठेक्कापट्टाको माध्यमबाट गराउनुपर्ने भएकोले निर्माणसम्बन्धी कार्य गर्न इजाजतप्राप्त निर्माण व्यवसायीहरूले निम्न शर्तहरूको अधीनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।
२. योग्य फर्म/कम्पनीहरूले यससम्बन्धी थप जानकारीको लागि वा बोलपत्रसम्बन्धी कागजातहरू हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सक्नेछन्।
३. यो सूचना प्रकाशित भएको मितिदेखि ३१औं दिनसम्म दरभाउपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपूर्तिकर्ता वा अधिकारप्राप्त प्रतिनिधिले अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आव २०७७/७८ सम्मको करचुक्ता गरेको प्रमाणित पत्र वा कर/आय विवरण पेश गरेको पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपि नियमानुसारको तपसिलमा उल्लेख दस्तुर (पछि फिर्ता नहुनेगरी) निवेदनसाथ पेश गरेपछि नियमानुसार सिलबन्दी दरभाउपत्र फाराम यस कार्यालयबाट उपलब्ध गराइनेछ।
४. सिलबन्दी गरिएको दरभाउपत्र यस कार्यालयमा सूचना प्रथमपटक प्रकाशित मितिदेखि ३१औं दिन दिउँसो १२:०० बजेभित्र बुझाउनुपर्नेछ। ढिलो गरी प्राप्त भएमा स्वीकार गरिनेछैन।
६. तोकिएको समयभित्र पेश भएका दरभाउपत्रहरू उपस्थित हुन चाहेका प्रस्तावकहरू वा निजका प्रतिनिधिको रोहबरमा यस कार्यालयमा सूचना प्रथमपटक प्रकाशित मितिदेखि ३१औं दिन दिनको १:०० बजे खोलिनेछ। प्रस्तावक वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन।
७. बोलपत्र खोलिएको दिनदेखि गणना हुनेगरी ४५ दिनसम्मको लागि मान्य हुनेछ। बोलपत्रको साथ जमानतबापतको धरौटीबराबरको रकम नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यताप्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा १२० दिनसम्म मान्य भएको निश्शर्त जमानत (Bank Guarantee) पेश गर्नुपर्नेछ।
८. बोलपत्र खरीद गर्ने र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोल्ने दिन खरीद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम हुनेछ।
९. कुनै वा सबै बोलपत्र, पूरै वा आंशिकरूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ।
१०. यस सूचनामा उल्लेख नभएका अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ।.
११. यो सूचना पालिकाको website: www.bindabasinimun.gov.np मा पनि राखिएको छ।
१२. थप जानकारीको लागि email: ito. bindabasinimu@gmail.com or bindabasinimu492@gmail.com
१३. बोलपत्रको कामको विवरण निम्न अनुसार छ।

| ठेक्का नं. | कामको विवरण | मूअकसमेत ल.ई. रकम | धरौटी रकम रु | फाराम दस्तुर (फिर्ता नहुनेगरी) रु |
|---|---|---|---|---|
| ०५/२०७८/७९ | गाउँपालिकास्तरिय ग्याँस सिलिन्डर सेट खरीद र वितरण | २९,५४,४०५।६७ | ७५०००।– | ३,०००।– |

# कमसल खाद्य सामग्री गर्भवती महिलाहरूद्वारा बहिष्कार


तस्वीरः प्रतीक





प्रस, पोखरिया, १४ कात्तिक/

पकहामैनपुर गाउँपालिकामा गर्भवती, सुत्केरी महिलाहरूलाई लक्षित गरेर प्रदान गरिएको पोषण सामग्री कमसल भएको भन्दै बहिष्कार गरिएको छ ।

गाउँपालिकाले १२ सयजना सुत्केरी, गर्भवती महिलाहरूलाई लक्षित गरेर पोषणयुक्त सामग्री वितरण गर्ने अभियान आइतवार शुरू गरेको स्वास्थ्य केन्द्र पकहामैनपुरले वडा नं ३ मा वितरण गरेको पोषण सामग्री कमसल भएको देखिएपछि महिलाहरूले सामग्री बहिष्कार गरेका थिए ।

स्वास्थ्य केन्द्र पकहामैनपुरले एक किलो चना, एक क्यारेट अन्डा, एक किलो हर्लिक्स प्रदान गरेकोमा चनामा घुन लागेको र अन्डा बिग्रिएको देखिएपछि उनीहरूले बहिष्कार गरेका थिए ।

गापा अध्यक्ष विजय चौरसियाले कर्मचारीहरूले सामान खरीद गरेको ठाउँबाट त्यस प्रकारको त्रुटि भएकोले सामान फिर्ता गरी नयाँ सामान वितरण गर्ने बताए । उनले आज वितरण गरिएका सामानहरू फिर्ता लिई सेवाग्राहीको घरदैलोमा पुऱ्याउने आश्वासन दिए ।


## राष्ट्रिय जनगणना २०७८
## मेरो गणना मेरो सहभागिता

- जनगणनामा स्वयं सहभागी भएमात्र गणना पूर्ण हुन्छ ।
- सबैले घरमा आएका गणकलाई सहयोग गरौं ।
- आफ्नो तथा परिवार व्यक्तिहरूको विवरण टिपाऔं ।
- आफ्नो नाता कुटुम्ब, साथीभाइ, छरछिमेक र चिनेजानेका सबैलाई जनगणनामा सहभागी हुन प्रेरित गरौं ।

**गणना गर्ने अवधि : कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म ।**

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
*memorable experience*



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## गोदामबाट १५ लाख मूल्य बराबरको तेल चोरी

प्रस, वीरगंज, १४ कात्तिक/

वीरगंजको एक किरानापसलबाट करीब १५ लाख मूल्यबराबरको सामान चोरी भएको छ । वीरगंज–१० रानीघाटस्थित प्रकाश ट्रेडिङ कन्सर्नमा शनिवार राति चोरी भएको हो । नीलकमल तेललगायत विभिन्न कम्पनीको वीरगंजका लागि आधिकारिक विक्रेता प्रकाश ट्रेडिङ कन्सर्नबाट १५ लाखभन्दा बढी मूल्यको करीब ४ टन खानेतेल चोरी भएको कन्सर्नका सञ्चालक प्रकाश गुप्ताले बताए । गोदामबाट राति करीब १२ बजेर ३४ मिनेटदेखि लगभग साढे २ बजेसम्ममा तेल चोरी भएको सिसिटिभी फुटेजबाट देखिएको छ ।

चोरहरूले लुकीछिपी सामान ओसारेको हुँदा फुटेजमा चोरहरूको स्पष्ट अनुहार देखिएको छैन ।

गोदाम सञ्चालक गुप्ताका अनुसार वीरगंजमा यति ठूलो परिमाणमा तेल चोरी हुनु सुरक्षा निकायको लापरवाही रहेको आरोप लगाए । लामो समयदेखि तेलको कारोबार गर्दै आएका प्रकाश ट्रेडिङका सञ्चालक गुप्ताले चोरीबारे जिल्ला प्रहरी कार्यालय पर्सामा उजूरी गरिसकेको र छानबीनको लागि माग गरे ।

चोरीको घटनाबारे अनुसन्धान भइरहेको र चोरको खोजी तीव्र पारिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । यो घटनाले वीरगंजमा पुनः चोरहरू रातिको समयमा सलबलाएको अनुमान गरिएको छ । दीपावली, छठको बेला अन्य व्यवसायी तथा सर्वसाधारणलाई सजग रहन व्यवसायी गुप्ताले सुझाव दिएका छन् ।

## समिति विस्तार

प्रस, वीरगंज, १४ कात्तिक/

लोकतान्त्रिक समाजवादी पार्टी नेपालको पर्सा जिल्ला कार्यकारिणी समितिको विस्तार भएको छ ।

जिल्ला संयोजक पुरुषोत्तमलाल झाले १५ सदस्यीय कार्यकारिणी समिति विस्तार गरिएको बताए ।

विस्तारित कार्यकारिणी समितिको वरिष्ठ सदस्यमा सन्तोष तिवारी, कृष्ण पटेल, राजेश साहलगायत सदस्यहरू छन् ।

# खेलकूदको संसार

## नेपाल लेबनानसँग पराजित

काठमाडौं, १४ कात्तिक/रासस

एएफसी यू–२३ एसियन कप छनोटको अन्तिम खेलमा नेपाल लेबनानसँग पराजित भएको छ । ताजिकिस्तानको रिपब्लिकन सेन्ट्रल स्टेडियममा आइतवार भएको खेलमा नेपाल लेबनानसँग ४–० गोलअन्तरले पराजित भएको हो । लेबनानलाई जीत दिलाउन जेइन फरानले दुई गोल गरे भने मोहमद नासिर र मोहमद हेइदरले एक/एक गोल गरे ।

खेलको २६औं मिनेटमा फरानले गोल गर्दै लेबनानलाई सुरुआती अग्रता दिलाए । खेलको ४७औं मिनेटमा फरानले व्यक्तिगत दोस्रो गोल गर्दै लेबनानलाई २–० को अग्रता दिलाए । खेलको ७४औं मिनेटमा मोहमद नासिरले गोल गर्दा लेबनान ३–० ले अघि रह्यो । त्यसपछि खेलको ८२औं मिनेटमा हेइदरले गोल गर्दै लेबनानलाई ४–० को जीत दिलाए ।

प्रतियोगितामा नेपाल जीतविहीन रह्यो । समूह 'बी'मा रहेको नेपालले पहिलो खेलमा इरानसँग ४–० गोलअन्तरले पराजित भएको थियो भने दोस्रो खेलमा ताजिकिस्तानसँग ६–० गोलअन्तरले पराजित भएको थियो । नेपाल समूहको पुछारमा रह्यो । लेबनान ३ अङ्क जोडेर तेस्रो स्थानमा रह्यो ।

यस समूहमा ६ अङ्क जोडेको ताजिकिस्तान शीर्ष स्थानमा रहेको छ भने समान ६ अङ्क नै रहेको इरान दोस्रो स्थानमा रहेको छ । ताजिकिस्तान र इरानबीचको खेल आजै हुनेछ । यस समूहको शीर्ष टोलीले एएफसी यू–२३ एसियन कप खेल्नेछन् । यस्तै, दोस्रो टोलीमध्ये उत्कृष्ट चार टोली पनि यू–२३ एसियन कपमा छनोट हुनेछन् । उज्बेकिस्तानमा हुने फाइनल चरणको प्रतियोगिता आगामी सन् २०२२ को जून १ देखि १९ तारिखसम्म हुने तालिका रहेको छ ।

## नेपाली राष्ट्रिय फूटबल टिमका मुख्य प्रशिक्षक अल्मुताइरीलाई सम्मान

काठमाडौं, १४ कात्तिक/रासस

सरकारले नेपाली राष्ट्रिय फूटबल टीमका मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीलाई सम्मान गरेको छ । युवा तथा खेलकूदमन्त्री महेश्वरराज गहतराजले मन्त्रालयमा आयोजित समारोहमा उनलाई नेपाली टोपी र खादा लगाएर सम्मान गरेका हुन् ।



आल्मुताइरीको मुख्य प्रशिक्षणमा माल्दिभ्समा असोज १५ देखि ३० गतेसम्म भएको साफ फूटबल च्याम्पियनशिपमा नेपाल उपविजेता भएको थियो । नेपाललाई पहिलोपटक साफ फूटबल च्याम्पियनशिपमा उपविजेतासम्म पुऱ्याउन उल्लेखनीय योगदान दिएबापत युवा तथा खेलकूद मन्त्रालयले योगदानको कदर गर्दै सम्मान गरेको हो ।

उक्त प्रतियोगितामा नेपालसहित, माल्दिभ्स, भारत, श्रीलङ्का र बङ्गलादेशले भाग लिएका थिए । भारतसँग ३–० गोलअन्तरले पराजित भई नेपाल उपविजेता बनेको थियो । सम्मान समारोहमा मन्त्री गहतराजले छोटो समयमैं प्रशिक्षक अल्मुताइरी फूटबल खेलाडी मात्र नभएर सम्पूर्ण नेपालीको हृदयमा बस्न सफल भएको भनी योगदानको सराहना गरे ।

उनले भने, "नेपाल फर्किएकामा खुशी लागेको छ, तपाईं खेलाडीका लागि मात्र होइन, नेपालकै असल मित्र हुनुहुन्छ, सरकारले खेल क्षेत्रका समस्या बुझेको छ, सम्बोधन गर्न तयार छ ।" अल्मुताइरीको नेतृत्वमा नेपाली फूटबलको विकास र विस्तारमा थप महत्त्वपूर्ण योगदान हुने विश्वास व्यक्त गर्दै मन्त्री गहतराजले भने, "मन्त्रालय तपाईंको साथमा छ, तपाईं खेलाडीका साथमा हुनुहुन्छ ।"

युवा तथा खेलकूद मन्त्रालयका कामु सचिव डा कमल पोखरेलले प्रशिक्षक र खेलाडीको निरन्तरको अभ्यास एवं ठूलो मेहनतबाट नेपालले सकारात्मक नतीजा प्राप्त गर्न सफल भएको बताए ।

सम्मानित व्यक्तित्व मुख्य प्रशिक्षक अल्मुताइरीले समग्र खेलाडी र आफ्नो कडा परिश्रमबाट नेपालले फूटबलमा उच्चस्तरको नतीजा हासिल गरेको प्रतिक्रिया दिए ।

## उपाध्यक्ष रामानन्द गुप्ताको श्रद्धाञ्जलिसभा

प्रस, वीरगंज, १४ कात्तिक/



तस्वीरः प्रतीक

नेपाल पत्रकार महासङ्घ प्रदेश नं २ का उपाध्यक्ष रामानन्द गुप्ताको निधनमा आइतवार नेपाल पत्रकार महासङ्घ पर्साले श्रद्धाञ्जलिसभा सम्पन्न गरेको छ ।

नेपाल पत्रकार महासङ्घ पर्साको सभाहलमा आयोजित श्रद्धाञ्जलिसभाका प्रमुख अतिथि नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहानले ३७ वर्षदेखि पत्रकारिता गर्दै आएका स्व गुप्ताको योगदान पत्रकारिता क्षेत्रमा अविस्मरणीय रहेको बताए । उनले पत्रकारितामा देखिएको विकृतिविरुद्ध महासङ्घ गम्भीर हुनुपर्ने चर्चा गरे । वीरगंजको पत्रकारितामा पछिल्लो चरणमा देखिएको यस प्रकारको विकृतिविरुद्ध महासङ्घ गम्भीर हुनुपर्ने उनको सुझाव थियो । गलत कार्य गर्ने सदस्यबाहेकलाई पनि महासङ्घले कारबाईको दायरामा ल्याउनुपर्ने उनले बताए ।



शाखा अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा भएको श्रद्धाञ्जलिसभामा प्रदेश महासचिव श्याम बन्जाराले स्व गुप्ताको सम्झनामा प्रदेशले वार्षिक रु २१ हजार राशिको पत्रकारिता पुरस्कार प्रदान गर्ने घोषणा गरे ।

कार्यक्रममा विपिन कुशवाहाले रु ५१ सयको चेक प्रदेश महासचिव बन्जारालाई हस्तान्तरण गरे । उनले स्व गुप्ताको परिवारलाई सो राशि प्रदान गर्न आग्रह गरे ।

कार्यक्रममा पत्रकार महासङ्घका केन्द्रीय सदस्य केसी लामिछाने, पूर्व केन्द्रीय सदस्य महेश दास, प्रेस काउन्सिलका सदस्य लालबाबू शेख, केन्द्रीय प्रतिनिधि महेश गौतम, प्रदेश सदस्य त्रिलोकी यादव, भारत रक्सौलका पत्रकार विपिन कुशवाहा, प्रेस चौतारी पर्साका उपाध्यक्ष तुलसी भण्डारीलगायतले शोक समवेदना प्रकट गरेका थिए ।

कार्यक्रमको सहजीकरण शाखा सचिव भूषण यादवले गरेका थिए ।

## पोखरिया नपामा प्रतीक्षालय शिलान्यास

प्रस, पोखरिया, १४ कात्तिक/

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नेता एवं प्रदेशसभा सदस्य रमेश पटेलले पोखरिया नगरपालिकामा प्रतीक्षालय निर्माणको काम शुरू गराएका छन् ।

यसैगरी, चाचान सेवा ट्रस्टले पनि पोखरिया नपाको सेमरबारी चोकमा प्रतीक्षालय निर्माण शुरू गरेको छ । आइतवार लोसपा नेपालका नेता नेजामुद्दीन समानीले प्रतीक्षालयको शिलान्यास गरेका थिए ।